# फलफूल तथा पुष्प व्यवसायसम्बन्धी

# तथ्याङ्क पुस्तिका




नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

**कृषि विभाग**

**राष्ट्रिय फलफूल विकास केन्द्र**

कीर्तिपुर, काठमाडौं

२०८३

# फलफूल तथा पुष्प व्यवसाय सम्बन्धी

# तथ्याङ्क पुस्तिका

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
कृषि विभाग
राष्ट्रिय फलफूल विकास केन्द्र
कीर्तिपुर, काठमाडौँ
२०८३

## फलफूल तथा पुष्प व्यवसाय सम्बन्धी तथ्याङ्क पुस्तिका


प्रकाशक :

**राष्ट्रिय फलफूल विकास केन्द्र**

कीर्तिपुर, काठमाडौं

फोन नं. : ०१-५९०५७४२/५९०५०५३

इमेल : ncfd.gov.np@gmail.com

वेबसाइट : www.ncfd.gov.np

प्रकाशन वर्ष : २०८२/८३

# मन्तव्य

नेपालमा प्राचीन कालदेखि धार्मिक, आर्थिक, पौष्टिक, सांस्कृतिक एवम् आलङ्कारिक महत्त्वका विभिन्न फलफूल र फूलहरूको संरक्षण गर्रिंदै आएको पाइन्छ। हालका दिनहरूमा मानव स्वास्थ्यका लागि फलफूलको योगदान बढ्दो छ। त्यसैगरी खाद्य तथा पोषण सुरक्षा, आर्थिक- सामाजिक समृद्धि र वातावरणीय सुधारमा फलफूलका बोट-बिरुवाको महत्त्व उल्लेखनीय रहेको छ। गुणस्तरीय फलफूलको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने, फलफूलको उपलब्धता बढाई सर्वसाधारणको पोषण अवस्थामा सुधार गर्ने, फलफूलमा आत्मनिर्भता र आयात प्रतिस्थापनमा टेवा पुर्याउने, निर्यात योग्य फलफूलहरूको निर्यात व्यापार प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गर्ने, रोजगारी तथा आयस्तर वृद्धि गर्ने र फलफूल बिरुवा रोपण गरी भू-क्षय रोकथाम तथा वातावरण संरक्षण र सौन्दर्यता (aesthetic value) प्रदान गर्ने यस केन्द्रको उद्देश्य रहेको सन्दर्भमा फलफूल तथा पुष्प सम्बन्धी आवश्यक तथ्याङ्कको उपलब्धता र विश्लेषणले यस क्षेत्रको यथार्थ अवस्थाको चित्रण गरी योजना तर्जुमा, प्राथमिकता निर्धारण र समग्र कार्यक्रम निर्धारणमा मार्गनिर्देशन प्रदान गर्दछ।

वार्षिक रूपमा कृषि, वन तथा पर्यावरण मन्त्रालय लगायत राष्ट्रिय फलफूल विकास केन्द्रबाट फलफूल सम्बन्धी राष्ट्रियस्तरको तथ्याङ्क प्रकाशन भइरहे तापनि उक्त तथ्याङ्कहरू एकीकृत गरी एउटै पुस्तिकामा समेटेर प्रकाशन गर्नुपर्ने आवश्यकता महशुस गरेर यो पुस्तिका तयार पारिएको छ। देशभरको फलफूल तथा पुष्प सम्बन्धी राष्ट्रियस्तरको तथ्याङ्क र आयात निर्यातको तथ्याङ्क तथा अन्य फलफूल तथा पुष्प सम्बन्धी आवश्यक सूचनासमेत समावेश भएको यस पुस्तिकाबाट पाठक वर्गलाई उपयोगी जानकारी प्राप्त हुने विश्वास लिएको छु। नीति निर्माता कृषक, व्यावसायी, शिक्षण संस्था र कृषि उद्यमीहरूलाई यो पुस्तक निकै उपयोगी हुने अपेक्षा गरिएको छ ।

पुस्तिका तयारी गर्नको लागि आवश्यक तथ्याङ्क उपलब्ध गराई सहयोग प्राप्त भएकोमा कृषि, वन तथा पर्यावरण मन्त्रालय, Department of Customs (DOC) र पुष्प विकास केन्द्र Floriculture Association of Nepal (FAN), लगायत अन्य सम्बन्धित निकायहरूलाई धन्यवाद ज्ञापन गर्दछु। यो सामग्री तयार गर्न सक्रिय रूपमा संलग्न हुनु भएका वरिष्ठ वागवानी विकास अधिकृत सृजना पौडेल, कृषि अर्थविज्ञ बाबुराम शर्मा तथा कम्प्युटर अपरेटर वसन्त बलामी लगायत सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद व्यक्त गर्दछु। यस पुस्तकका पाठकवर्ग तथा प्रयोगकर्ताहरूबाट समसामयिक सुझाव एवम् सकारात्मक पृष्ठपोषणको अपेक्षा राखेको छु।

**धन्यवाद !**

**असार, २०८३**

**महेश चन्द्र आचार्य**
**प्रमुख (रा.प.प्र.प्रा)**

# विषय सूची

## खण्ड -१


फलफूल तथा पुष्प व्यवसाय सम्बन्धी तथ्याङ्क ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ फलफूल बालीहरूको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व ........ १

१.२.१ फलफूलको कूल क्षेत्रफल, उत्पादन तथा उत्पादकत्वको अवस्था ........ १

१.२.२ सुन्तलाजात फलफूलको कूल क्षेत्रफल, उत्पादन तथा उत्पादकत्वको अवस्था ........ २

१.२.३ हिउँदे फलफूलको कूल क्षेत्रफल, उत्पादन तथा उत्पादकत्वको अवस्था ........ ४

१.२.४ वर्षे फलफूलको कूल क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व अवस्था ........ ५

१.३ प्रमुख फलफूल बालीहरूको विगत ११ वर्षको कूल क्षेत्रफल, उत्पादनशील क्षेत्रफल, उत्पादन तथा उत्पादकत्वको अवस्था ........ ६

१.३.१ स्याउ ........ ६

१.३.२ ओखर ........ ७

१.३.३ नास्पाती ........ ८

१.३.४ हलुवावेद ........ ९

१.३.५ लप्सी ........ १०

१.३.६ आँप ........ ११

१.३.७ केरा ........ १२

१.३.८ लिची ........ १३

१.३.९ सुन्तला ........ १४

१.३.१० कागती ........ १५

१.३.११ जुनार ........ १६

१.३.१२ निबुवा ........ १७

१.४. उदयमान फलफूल बालीहरूको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्वको अवस्था ........ १८

१.४.१ किवीफल ........ १८

१.५. कफी तथा चिया बालीको ११ वर्षको अवस्था ........ १९

१.५.१ कफी ........ १९

१.५.२ कफीको ११ वर्षको आयात तथा निर्यात अवस्था ........ २०

१.५.३ चिया ........ २२

१.५.४ चियाको ११ वर्षको आयात तथा निर्यात अवस्था ........ २३

१.६. व्यावसायिक फलफूल कार्यक्रम सञ्चालनका लागि सम्भाव्य जिल्लाहरू ........ २५

१.७ फलफूलको आयात र निर्यात अवस्था ........ २७

खण्ड -१

# फलफूल तथा पुष्प व्यवसाय सम्बन्धी तथ्याङ्क

## १.१ पृष्ठभूमि

नेपालको कूल जनसङ्ख्याको ५७.३% कृषिमा आश्रित छ (स्रोतः कृषि डायरी २०८३)। नेपालको अर्थतन्त्रको मेरूदण्डको रूपमा रहेको कृषि क्षेत्रले राष्ट्रिय कूल गार्हस्थ उत्पादनमा एक तिहाई योगदान दिएकाले यस क्षेत्रलाई देशको अर्थतन्त्रमा महत्त्वपूर्ण मानिन्छ। कृषि क्षेत्रमा पनि बागवानी उपक्षेत्र अग्रपङ्क्तिमा रहेको छ र बागवानी उपक्षेत्रमा फलफूलको स्थान महत्त्वपूर्ण छ। नेपाल कतिपय फलफूलको उत्पत्ति स्थल पनि हो भने यहाँ पाइने कतिपय उन्नत जातका फलफूलको जङ्गली प्रजाति (wild relatives) पनि पाइन्छ।

नेपालमा तुलानात्मक लाभका लागि शीतोष्णदेखि उष्ण फलफूलहरू उत्पादन गर्न सकिन्छ भने आयात प्रतिस्थापनका लागि स्याउ, आँप, लिची, केरा, एभोकाडो, सुन्तलाजात (सुन्तला, जुनार, निवुवा र कागती) जस्ता फलफूल उत्पादन गर्न सकिन्छ। यसै गरी नेपालमा सुन्तला, आरुबखडा, कटुस, चुच्चे ओखर, ओखर उत्पादन गर्न उपयुक्त हावापानी पाइन्छ र सो फलफूल बालीहरू निर्यात गर्न योग्य फलफूल बालीहरू हुन्। एभोकाडो, नास्पती, हलुवावेद, किवी र अन्य काष्ठफलहरू पर्यटन क्षेत्रको माग पूर्ति गर्नका लागि उत्पादन गर्नु औचित्यपूर्ण देखिन्छ। नेपालको मध्यपहाडी भागमा उच्च गुणस्तरको चिया तथा कफी उत्पादनको धेरै सम्भाव्यता भएकाले यिनीहरू लगायत अन्य कृषिजन्य वस्तुको उत्पादन, प्रशोधन तथा निर्यातमा जोड दिएर व्यापार घाटा घटाई आर्थिक वृद्धि गर्न सकिन्छ। फलफूल व्यवसायको व्यापक विस्तार गरी १० वर्षभित्र प्रमुख फलफूलहरूमा देशलाई आत्मनिर्भर बनाएर निर्यात प्रवर्द्धन गर्ने उद्देश्यका साथ आ.व. २०७३/७४ देखि २०८२/८३ सम्मलाई फलफूल दशकको रूपमा लिई उत्पादन तथा बजारीकरणमा सघाउ पुर्याउने हेतुले विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएको छ।

नेपालले आ.व. २०८१/८२ मा २० खर्ब ८ अर्बको वैदेशिक व्यापार गरेको छ। भन्सार विभागको तथ्याङ्क अनुसार आ.व. २०८१/८२ मा कूल वैदेशिक आयात १८ खर्ब ४ अर्ब भएको देखिन्छ जुन गत आर्थिक वर्ष २०८०/८१ को १५ खर्ब ९२ अर्बको तुलनामा १३.२५ प्रतिशतले बढी हो। त्यसै गरी निर्यातमा पनि वृद्धि गरी आ.व. २०८१/८२ मा नेपालले २ खर्ब ७७ अर्बको वस्तु निर्यात गरेको छ। यो निर्यात अघिल्लो आ.व. को तुलनामा ८१.८० प्रतिशतले बढी हो। अघिल्लो आ.व. २०८०/८१ मा १ खर्ब ५२ अर्बको मात्रै वस्तु निर्यात गरेको थियो। (स्रोतः भन्सार विभागको वेबसाइट)।

## १.२ फलफूल बालीहरूको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व

### १.२.१ फलफूलको कूल क्षेत्रफल, उत्पादन तथा उत्पादकत्वको अवस्था

नेपालमा फलफूलको क्षेत्र विस्तार तथा उत्पादनको गति विगत ११ वर्ष (सन् २०१४/१५ देखि २०२४/२५ सम्म) मा केही वर्षमा घटबढ भई अन्तत बढ्दो क्रममा रहेको प्राप्त तथ्याङ्क अनुसार तालिका नं. १ र चित्र नं. १ मा देखिएको छ। नेपालमा फलफूलले ढाकेको क्षेत्रफल बढ्दो क्रममा भए तापनि कूल फलफूल उत्पादन विगत ११ वर्षमा सन् २०१४/१५ बाट बढ्दै गई सन् २०१८/१९ मा घटेको र सन् २०१९/२० बाट उत्पादन बढेको देखिन्छ। सन् २०२४/२५ मा कूल क्षेत्रफल १८१,६३७ हे. र

कूल उत्पादनशील क्षेत्रफल १४३,३८३ हे. मा जम्मा फलफूल १,५१२८०५ मे. टन उत्पादन भएको र फलफूलको कूल उत्पादकत्व १०.५५ मे.टन./ हे. रहेको तालिका नं. १ मा देखाइएको छ।

**तालिका नं. १: फलफूलको कूल क्षेत्रफल, उत्पादन तथा उत्पादकत्वको अवस्था**

| वर्ष (सन् ) | कूल क्षेत्रफल (हे.) | उत्पादनशील क्षेत्रफल (हे.) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.टन/हे.) |
|---|---|---|---|---|
| २०१४/१५ | १५०,३८७ | ११०,८०२ | ९९२,७०३ | ८.९६ |
| २०१५/१६ | १५७,१९९ | ११०,५८६ | ९७६,४६१ | ८.८३ |
| २०१६/१७ | १६२,६६० | ११०,५०१ | १,०१८,३०८ | ९.२२ |
| २०१७/१८ | १६०,३९४ | १११,७४४ | १,०८६,९३१ | ९.७३ |
| २०१८/१९ | १६४,६२३ | १२०,०२३ | १,१७७,६४० | ९.८१ |
| २०१९/२० | १७१,३१८ | ११९,०२५ | १,२४९,७६४ | १०.५० |
| २०२०/२१ | १७७,५६८ | १२८,७३३ | १,३५६,२१८ | १०.५४ |
| २०२१/२२ | १८२,६४८ | १२९,५३२ | १,४१६,७५० | १०.९४ |
| २०२२/२३ | १८८,२३१ | १३९,४७८ | १,५२५,५९५ | १०.९४ |
| २०२३/२४ | १८१,३४० | १३९,२४६ | १,५०८७०१ | १०.८३ |
| २०२४/२५ | १८१,६३७ | १४३,३८३ | १५,१२,८०५ | १०.५५ |

**Source:** Statistical Information on Nepalese Agriculture 2081/82 (2024/25) MoAFE




**चित्र नं. १: नेपालको विगत ११ फलफूलको उत्पादन र क्षेत्रफल विस्तारको प्रवृत्ति**

## १.२.२ सुन्तलाजात फलफूलको कूल क्षेत्रफल, उत्पादन तथा उत्पादकत्वको अवस्था

नेपालमा पूर्वदेखि पश्चिमसम्म, उत्तरदेखि दक्षिणसम्म ७७ जिल्ला मध्ये ६५ जिल्लाहरूमा विभिन्न जातका सुन्तलाजात फलफूलको खेती गरिँदै आएको छ। विगत ११ वर्ष (सन् २०१४/१५ देखि २०२४/२५ सम्म) को तथ्याङ्क हेर्दा सुन्तलाजात फलफूलले ढाकेको कूल क्षेत्रफल, उत्पादन र उत्पादकत्व बढ्दो

क्रममा रहेको देखिन्छ। तर सन् २०२१/२२ मा सुन्तलाजात फलफूलको उत्पादन साविकको भन्दा घटेको र त्यसपछिका वर्षहरूमा बढेको पाइन्छ। त्यसैले कृषकहरूलाई उत्पादन र उत्पादकत्व बढाउनका लागि बगैंचाको उचित व्यवस्थापन गर्न प्रेरित गर्ने र सोही प्रकारका कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ। सुन्तलाजात फलफूल सन् २०२४/२५ मा कूल उत्पादनशील क्षेत्रफल ३४९१८ हे. बाट कूल फल उत्पादन ३२३२२१ मे.टन भई ९.२६ मे. टन/हे. उत्पादकत्व रहेको छ।

**तालिका नं. २ः सुन्तलाजात फलफूलको ११ वर्षको कूल क्षेत्रफल, उत्पादनशील क्षेत्रफल र उत्पादनको विस्तार प्रवृत्ति**

| वर्ष (सन्) | कूल क्षेत्रफल (हे.) | उत्पादनशील क्षेत्रफल (हे.) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.टन/हे.) |
|---|---|---|---|---|
| २०१४/१५ | ३९,०३५ | २५,२६१ | २२२,७८९ | ८.८२ |
| २०१५/१६ | ४०,५५४ | २४,८५४ | २१८,४४७ | ८.७९ |
| २०१६/१७ | ४६,३२८ | २६,७५९ | २३९,७७३ | ८.९६ |
| २०१७/१८ | ४४,४२४ | २५,९६४ | २४५,१७६ | ९.४४ |
| २०१८/१९ | ४६,४१२ | २८,४०६ | २७१,९०८ | ९,५७ |
| २०१९/२० | ४६,७१५ | २७,३३९ | २७४,१४० | १०.०३ |
| २०२०/२१ | ५०,२३५ | ३२,१८८ | ३११,१८८ | ९.६७ |
| २०२१/२२ | ४९,३०६ | ३२,३१७ | ३०६,१४९ | ९.४७ |
| २०२२/२३ | ४९,४६९ | ३३,८२९ | ३१७,४९४ | ९.३९ |
| २०२३/२४ | ४८,३२९ | ३४,२७१ | ३१८,९३९ | ९.३१ |
| २०२४/२५ | ४८,५७० | ३४,९१८ | ३२३,२२१ | ९.२६ |

**Source:** Statistical Information on Nepalese Agriculture 2081/82 (2024/25) MoAFE




**चित्र नं. २ः नेपालमा पछिल्लो ११ वर्षको सुन्तलाजात फलफूलको कूल क्षेत्रफल, उत्पादनशील क्षेत्रफल र उत्पादनको विस्तार प्रवृत्ति**

## १.२.३ हिउँदे फलफूलको कूल क्षेत्रफल, उत्पादन तथा उत्पादकत्वको अवस्था

नेपालमा पाइने हिंउदे फलफूलहरू मध्ये समशीतोष्ण क्षेत्रमा नास्पाती, हलुवावेद, किवीफल, आरु, आरुबखडा, अङ्गुर, अनार, चुच्चे ओखर जस्ता फलफूल खेती गर्न उपयुक्त वातावरण छ भने स्याउ, ओखर, खुर्पानी, कागजी बदाम आदि जस्ता फलफूल खेती उच्च पहाडमा सफल भएको देखिन्छ। विगत ११ वर्ष (सन् २०१४/१५ देखि २०२३/२४ सम्म) को तथ्याङ्क हेर्दा हिउँदे फलफूलले ढाकेको क्षेत्रफल बढिरहेको देखिन्छ र उत्पादनशील क्षेत्रफल, उत्पादन र उत्पादकत्व भने सन् २०१६/१७ मा घटेर २०१७/१८ देखि बढ्दो क्रममा रहेको तालिका नं. ३ र चित्र नं. ३ मा देखिन्छ। सन् २०२४/२५ मा हिउँदे फलफूलको कूल उत्पादनशील क्षेत्रफल १८२०६ हे. बाट १४४४९५ मे.टन उत्पादन भई घटेको र उत्पादकत्व ७.९४ मे.टन/हे. भई बढेको देखिन्छ ।

**तालिका नं. ३ः हिउँदे फलफूलको कूल क्षेत्रफल, उत्पादन तथा उत्पादकत्वको अवस्था**

| वर्ष (सन्) | कूल क्षेत्रफल (हे.) | उत्पादनशील क्षेत्रफल (हे.) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.टन/हे.) |
|---|---|---|---|---|
| २०१४/१५ | २७,१२५ | १६,८४९ | १२८,१५५ | ७.६१ |
| २०१५/१६ | २७,८१९ | १७,१२५ | १२६७९० | ७.४ |
| २०१६/१७ | २७,९१८ | १३,९३७ | ९३,५९२ | ६.७२ |
| २०१७/१८ | २८,३७६ | १५,०३१ | १०८,३१५ | ७.२१ |
| २०१८/१९ | २९,४१० | १५,८७७ | ११५,४४३ | ७.२७ |
| २०१९/२० | ३१,९४० | १६,३१८ | ११६,८०२ | ७.१६ |
| २०२०/२१ | ३३,५४७ | १७,३५१ | १२८,२१४ | ७.३९ |
| २०२१/२२ | ३३,५७३ | १७,९७९ | १३२,०३१ | ७.३४ |
| २०२२/२३ | ३६,७४१ | १९,८८३ | १४५,८६८ | ७.३४ |
| २०२३/२४ | ३२,२७६ | १९,०९० | १४७,९३८ | ७.७५ |
| २०२४/२५ | ३१,७७४ | १८,२०६ | १४४,४९५ | ७.९४ |

**Source:** Statistical Information on Nepalese Agriculture 2081/82 (2024/25) MoAFE




**चित्र नं. ३ः नेपालमा पछिल्लो ११ वर्षको हिउँदे फलफूलको कूल क्षेत्रफल, उत्पादनशील क्षेत्रफल र उत्पादनको विस्तार प्रवृत्ति**

## १.२.४ वर्षे फलफूलको कूल क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व अवस्था

नेपालमा तराई भू-भागदेखि मध्यपहाडका केही खोंच वेसीहरूमा वर्षे फलफूल खेती गर्नको लागि उपयुक्त हावापानी तथा माटो रहेको पाइन्छ र यो क्षेत्रमा आँप, केरा, लिची, रुखकटर, मेवा, अम्बा जस्ता वर्षे फलफूलहरू सदियौं देखि खेती गर्दै आईएको छ। विगत ११ वर्ष (सन् २०१४/१५ देखि २०२४/२५ सम्म) को तथ्याङ्क हेर्दा वर्षे फलफूलले ढाकेको कूल क्षेत्रफल, उत्पादनशील क्षेत्रफल, उत्पादन र उत्पादकत्व बढ्दै गएको तालिका नं. ४ र चित्र नं. ४ मा देखिन्छ। सन् २०२३/२४ मा भने कूल क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व केही मात्रामा घटेको तल प्रस्तुत गरिएको तथ्याङ्कले देखाएको छ। यसैगरी सन् २०२४/२५ मा वर्षे फलफूलको कूल उत्पादनशील क्षेत्रफल ९०२५८ हे. बाट वर्षे फलफूल जम्मा १०,४५,०८८ मे. टन उत्पादन र उत्पादकत्व ११.५८ मे.टन/हे. रहेको छ।

**तालिका नं. ४: वर्षे फलफूलको कूल क्षेत्रफल, उत्पादन तथा उत्पादकत्वको अवस्था**

| वर्ष (सन् ) | क्षेत्रफल (हे.) | उत्पादनशील क्षेत्रफल (हे.) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.टन/हे.) |
|---|---|---|---|---|
| २०१४/१५ | ८४,२२७ | ६८,६९१ | ६४१,७५९ | ९.३४ |
| २०१५/१६ | ८८,८२६ | ६८,६०८ | ६३१,२२४ | ९.३४ |
| २०१६/१७ | ८८,४१४ | ६९,८०६ | ६८४,९४२ | ९.८१ |
| २०१७/१८ | ८७,५९४ | ७०,७४९ | ७३३,४३९ | १०.३७ |
| २०१८/१९ | ८८,८०२ | ७५,७४० | ७९०,२८९ | १०.४३ |
| २०१९/२० | ९२,६६४ | ७५,३६८ | ८५८,८२२ | ११.४० |
| २०२०/२१ | ९३,७८७ | ७९,१९४ | ९१६,८१६ | ११.५८ |
| २०२१/२२ | ९९,७७० | ७९,२३७ | ९७८,५७० | १२.३५ |
| २०२२/२३ | १०२,०२१ | ८५,७६५ | १,०६२,२३३ | १२.३९ |
| २०२३/२४ | १००,७३६ | ८५,८८४ | १,०४१,८२४ | १२.१३ |
| २०२४/२५ | १०१,२९३ | ९०,२५८ | १,०४५,०८८ | ११.५८ |

**Source:** Statistical Information on Nepalese Agriculture 2081/82 (2024/25) MoAFE




**चित्र नं. ४: नेपालमा पछिल्लो ११ वर्षको वर्षे फलफूलको कूल क्षेत्रफल, उत्पादनशील क्षेत्रफल र उत्पादनको विस्तार**

## १.३ प्रमुख फलफूल बालीहरूको विगत ११ वर्षको कूल क्षेत्रफल, उत्पादनशील क्षेत्रफल, उत्पादन तथा उत्पादकत्वको अवस्था

### १.३.१ स्याउ

नेपालको प्रमूख फलहरू मध्ये स्याउ पनि एक हो। जुम्ला, कालिकोट, हुम्ला, मुगु ,डोल्पा, मुस्ताङ, मनाङ र रुकुम पूर्वमा उपयुक्त हावापानी र प्रर्याप्त उत्पादन सम्भाव्यता भएको स्याउको खेती हाल व्यावसायिक रूपमा भइरहेको छ। विगत ११ वर्ष (सन् २०१४/१५ देखि २०२४/२५ सम्म) को तथ्याङ्क हेर्दा स्याउको उत्पादनशील क्षेत्रफल, उत्पादन र उत्पादकत्व सन् २०१६/१७ मा घटेर त्यसपछिका वर्षहरूमा बढ्दो क्रममा रहेको तालिका नं. ५ र चित्र नं. ५ ले देखाउँछ।

**तालिका नं. ५: स्याउ खेतीको पछिल्लो ११ वर्षको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्वको अवस्था**

| वर्ष (सन्) | कूल क्षेत्रफल (हे.) | उत्पादनशील क्षेत्रफल (हे.) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.टन/हे.) |
|---|---|---|---|---|
| २०१४/१५ | ११,१६५.९ | ५,५९९.७ | ४३,५०२.१ | ७.८ |
| २०१५/१६ | ११,४८७.४० | ५,६२४.७० | ४१,०११.१० | ७.३ |
| २०१६/१७ | १२,०१५ | ३,७०७ | १९,८५० | ५.३६ |
| २०१७/१८ | १०,८८६ | ४,१३३ | २८,८९५ | ७.० |
| २०१८/१९ | ११,१८६ | ४,३४९ | ३१,३८६ | ७.२२ |
| २०१९/२० | १२,९१० | ५,५१४ | ४५,२०५ | ८.२० |
| २०२०/२१ | १३,४६३ | ५,७०१ | ४८,६११ | ८.५३ |
| २०२१/२२ | १३,८१३ | ६,२४५ | ५२,७५३ | ८.४५ |
| २०२२/२३ | १३,८२१ | ६,१९९ | ५२,७८४ | ८.५१ |
| २०२३/२४ | १२,४९२ | ६,२८५ | ५४,५०६ | ८.६७ |
| २०२४/२५ | १२,९३३ | ६,४०७ | ५९,९४९ | ९.३६ |

**Source:** Statistical Information on Nepalese Agriculture 2081/82 (2024/25) MoAFE




चित्र नं. ५: स्याउको पछिल्लो ११ वर्षको कूल क्षेत्रफल, उत्पादनशील क्षेत्रफल र उत्पादनको विस्तार प्रवृत्ति

## १.३.२ ओखर

हिउँदमा पात झर्ने (पतझड) फलफूल, ओखर नेपालको एक महत्त्वपूर्ण फलफूल बाली हो। नेपालको कर्णाली क्षेत्रमा र उच्च पहाडका विभिन्न जिल्लाहरूमा रैथाने जातको कडापन कम भएको ओखरदेखि कडापन बढी भएको हाडेओखर परापूर्वकाल देखिनै पाइने गरेको छ। तालिका नं. ६ र चित्र नं. ६ अनुसार विगत ११ वर्ष (सन् २०१४/१५ देखि २०२४/२५ सम्म) को तथ्याङ्क हेर्दा कुनै वर्षमा थोरै मात्रामा घटेको देखिन्छ। सन् २०२४/२५ मा ओखरको उत्पादनशील क्षेत्रफल २१६१ हे., उत्पादन ९३६६ मे.टन र उत्पादकत्व ४.३४ मे.टन/हे. रहेको देखिन्छ।

**तालिका नं. ६ः ओखरको ११ वर्षको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्वको अवस्था**

| वर्ष (सन्) | कूल क्षेत्रफल (हे.) | उत्पादनशील क्षेत्रफल (हे.) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.टन/हे.) |
|---|---|---|---|---|
| २०१४/१५ | ३,६५१.८ | १,८४९.७ | ७,८३९.१ | ४.२ |
| २०१५/१६ | ३,७७०.१० | १,८८७.७० | ७,९५१.७० | ४.२ |
| २०१६/१७ | ४,३४७ | १,८२३ | ८,१७६ | ४.०० |
| २०१७/१८ | ४,९७० | १,९८५ | ८,२१३ | ४.१ |
| २०१८/१९ | ५,०३७ | २,१६७ | ८,९३४ | ४.१२ |
| २०१९/२० | ५,३६१ | २,१८४ | १०,०५१ | ५.०० |
| २०२०/२१ | ५,८८९ | २,२९१ | ९,१६२ | ४.०० |
| २०२१/२२ | ५,९८८ | २,४४२ | १०,८९५ | ४.४६ |
| २०२२/२३ | ५,२०७ | २,१८२ | ९,९६० | ४.५७ |
| २०२३/२४ | ५,३९९ | २,८११ | १३,३११ | ४.७४ |
| २०२४/२५ | ५,२७३ | २,१६१ | ९,३६६ | ४.३४ |

**Source:** Statistical Information on Nepalese Agriculture 2081/82 (2024/25) MoAFE




**चित्र नं. ६ः पछिल्लो ११ वर्षको ओखरको कूल क्षेत्रफल, उत्पादनशील क्षेत्रफल र उत्पादनको विस्तार प्रवृत्ति**

## १.३.३ नास्पाती

नेपालमा हिउँदमा पात झर्ने (पतझड) फलफूल मध्येको नास्पाती पनि एक महत्त्वपूर्ण फलफूल हो। यो नेपालको मध्यपहाडी भेगमा खेती गरिन्छ। तुसारो सहन नसक्ने नास्पाती खेतीको लागि २२-२६ डि.से. तापक्रम भएको ठाउँमा सबभन्दा राम्रो हुने र चिसो, आद्रता कम भएको ठाउँहरूमा बढी गुणस्तरीय फल उत्पादन हुन्छ। तालिका नं. ७ र चित्र नं. ७ अनुसार विगत ११ वर्ष (सन् २०१४/१५ देखि २०२४/२५ सम्म) को तथ्याङ्क हेर्दा समग्रमा नास्पातीको क्षेत्रफल क्रमश घट्दै गएको देखिन्छ भने उत्पादन र उत्पादकत्व समेत त्यति उत्साहजनक देखिंदैन। सन् २०२४/२५ मा नास्पातीको उत्पादनशील क्षेत्रफल २७८४ हे., उत्पादन २५९०४ मे.टन र उत्पादकत्व ९.३० मे.टन/हे. रहेको देखिन्छ।

**तालिका नं. ७: नास्पातीको पछिल्लो ११ वर्षको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्वको अवस्था**

| वर्ष (सन्) | कूल क्षेत्रफल (हे.) | उत्पादनशील क्षेत्रफल (हे.) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.टन/हे.) |
|---|---|---|---|---|
| २०१४/१५ | ४३९६.५ | ३३८६ | ३४१५१.९ | १०.१ |
| २०१५/१६ | ४६०१.५ | ३५५६ | ३४७२४.४ | ९.८ |
| २०१६/१७ | ४०९२ | ३१८० | ३००६१ | ९.० |
| २०१७/१८ | ४२५० | ३२४८ | ३०८२७ | ९.५ |
| २०१८/१९ | ४२७५ | ३३३८ | ३२०२५ | ९.६ |
| २०१९/२० | ३४८८ | २३०६ | २२८६७ | ९.९२ |
| २०२०/२१ | ३९७८ | ३०७७ | २७६०१ | ८.९७ |
| २०२१/२२ | ३८९६ | २९५९ | २५६२२ | ८.६६ |
| २०२२/२३ | ३८०१ | २९१० | २५८६६ | ८.८९ |
| २०२३/२४ | ३४६६ | २९०२ | २७०६० | ९.३२ |
| २०२४/२५ | ३३६७ | २७८४ | २५९०४ | ९.३० |

**Source:** Statistical Information on Nepalese Agriculture 2081/82 (2024/25) MoAFE




**चित्र नं. ७: पछिल्लो ११ वर्षको नास्पातीको कूल क्षेत्रफल, उत्पादनशील क्षेत्रफल र उत्पादनको विस्तार प्रवृत्ति**

## १.३.४ हलुवावेद

नेपालमा हिउँदमा पात झर्ने (पतझड) फलफूल मध्येको हलुवावेद पनि एक महत्त्वपूर्ण फलफूल हो। नेपालको मध्यपहाडी भेगमा यसको खेती गर्ने गरेको पाइएको छ। तालिका नं. ८ र चित्र नं. ८ अनुसार विगत ११ वर्ष (सन् २०१४/१५ देखि २०२४/२५ सम्म) को तथ्याङ्क हेर्दा हलुवावेदको उत्पादकत्व केही वर्षमा बढेको र कुनै वर्ष घटेको पाइएको छ भने उत्पादनशील क्षेत्रफल समग्रमा बढ्दो क्रममा रहेको छ तर सन् २०२४/२५ मा उत्पादनशील क्षेत्रफल घटेर ३४१ हे. पुगेको छ जसमा कूल उत्पादन २४२० मे. टन र उत्पादकत्व ७.१० मे. टन/हे. रहेको छ।

**तालिका नं. ८: हलुवावेदको ११ वर्षको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्वको अवस्था**

| वर्ष (सन्) | कूल क्षेत्रफल (हे.) | उत्पादनशील क्षेत्रफल (हे.) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.टन/हे.) |
|---|---|---|---|---|
| २०१४/१५ | ४५१.८ | ३११.० | २४०१.३ | ७.७ |
| २०१५/१६ | ४६३ | ३१६ | २८४६ | ९.० |
| २०१६/१७ | ५४२ | ३५५ | २८२३ | ८.० |
| २०१७/१८ | ५६८ | ३७४ | ३०१३ | ८.० |
| २०१८/१९ | ५७१ | ३८५ | ३०८५ | ८.०२ |
| २०१९/२० | ५९० | ३३४ | २५७४ | ७.७१ |
| २०२०/२१ | ४८७ | ३६२ | २९७४ | ८.२२ |
| २०२१/२२ | ५७२ | ४५१ | ३५३९ | ७.८९ |
| २०२२/२३ | ५६२ | ४५८ | ३५४२ | ७.७३ |
| २०२३/२४ | ४९० | ३७२ | २६२७ | ७.०७ |
| २०२४/२५ | ४३० | ३४१ | २४२० | ७.१० |

**Source:** Statistical Information on Nepalese Agriculture 2081/82 (2024/25) MoAFE




**चित्र नं. ८: पछिल्लो ११ वर्षको हलुवावेदको कूल क्षेत्रफल, उत्पादनशील क्षेत्रफल र उत्पादनको विस्तार प्रवृत्ति**

## १.३.५ लप्सी

नेपालमा हिउँदमा पात झर्ने (पतझड) फलफूल मध्येको लप्सी पनि एक महत्त्वपूर्ण फलफूल हो। नेपालको मध्यपहाडी भेगमा लप्सीको खेती गर्ने गरेको पाइएको छ। लप्सीमा कुनै उन्नत जातको विकास नभएको हुनाले स्थानीय जातका लप्सी खेती हुने गरेको छ। तालिका नं. ९ र चित्र नं. ९ अनुसार विगत ११ वर्ष (सन् २०१४/१५ देखि २०२४/२५ सम्म) को तथ्याङ्क हेर्दा लप्सीको उत्पादनशील क्षेत्रफल १२०९ हेक्टर, उत्पादन ७९३९ मे.टन भई बढेको छ भने उत्पादकत्व ६.५७ मे.टन/हे. रही घटेको देखिन्छ।

**तालिका नं. ९: लप्सीको ११ वर्षको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्वको अवस्था**

| वर्ष (सन् ) | कूल क्षेत्रफल (हे.) | उत्पादनशील क्षेत्रफल (हे.) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.टन/हे.) |
|---|---|---|---|---|
| २०१४/१५ | १९८०.२ | १५०२.६ | १०४८८.२ | ७.० |
| २०१५/१६ | १८९१ | १५०८ | १०४४८ | ६.९ |
| २०१६/१७ | १४४९ | १०४९ | ७८८५ | ८.० |
| २०१७/१८ | १५१७ | ११०३ | ८७१७ | ७.९ |
| २०१८/१९ | १४७६ | १०७२ | ८६५१ | ८.०७ |
| २०१९/२० | १२७२ | ८६३ | ५७७९ | ६.७० |
| २०२०/२१ | १२२९ | ९०१ | ५६९७ | ६.३३ |
| २०२१/२२ | १३०० | ९७० | ६९१६ | ७.१३ |
| २०२२/२३ | १२७९ | ९९५ | ६५२५ | ६.५५ |
| २०२३/२४ | १११० | ८८४ | ६३८८ | ७.२३ |
| २०२४/२५ | १६०६ | १२०९ | ७९३९ | ६.५७ |

**Source:** Statistical Information on Nepalese Agriculture 2081/82 (2024/25) MoAFE




**चित्र नं. ९: पछिल्लो ११ वर्षको लप्सीको कूल क्षेत्रफल, उत्पादनशील क्षेत्रफल र उत्पादनको विस्तार प्रवृत्ति**

## १.३.६ आँप

तराईदेखि मध्य-पहाडसम्म हावापानीको दृष्टिकोणले खेती गर्न उपयुक्त हुने फलफूल बाली आँप लाई नेपालमा फलफूलको राजा पनि भनिन्छ। आँपमा वर्ष बिराएर फल्ने बानी (एकत्रो फल्ने बानी - alternate bearing) भएकाले हरेक वर्ष एकनासको उत्पादन लिन सकिदैन। आँप उत्पादन हुने प्रमुख जिल्लाहरूमा झापा, मोरङ, सुनसरी, उदयपुर, सिराहा, सप्तरी, महोत्तरी, सर्लाही, धनुषा, वारा, पर्सा, रौतहट, धाडिङ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), कपिलवस्तु, रूपन्देही, दाङ, बाँके, बर्दिया, सुर्खेत, दैलेख, कैलाली र कन्चनपुर पर्दछन् ।

तालिका नं. १० र चित्र नं. १० अनुसार विगत ११ वर्ष (सन् २०१४/१५ देखि २०२४/२५ सम्म) को तथ्याङ्क हेर्दा आँपको उत्पादनशील क्षेत्रफल ४७३९७ हेक्टर, उत्पादन ५०५१३७ मे.टन र उत्पादकत्व १०.६६ मे.टन/हे. रही बढ्दो क्रममा रहेको देखिन्छ।

**तालिका नं. १०: आँपको विगत ११ वर्षको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्वको अवस्था**

| वर्ष (सन्) | कूल क्षेत्रफल (हे.) | उत्पादनशील क्षेत्रफल (हे.) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.टन/हे.) |
|---|---|---|---|---|
| २०१५/१६ | ५२८१५.०० | ३८३८४.६० | २६६६२८.२२ | ७.० |
| २०१६/१७ | ४८२०४ | ३७०१३ | २९८६९२ | ८.०० |
| २०१७/१८ | ४६७५३ | ३६५४५ | ३२८२७१ | ९.० |
| २०१८/१९ | ४९५८८ | ४२४६१ | ३६६१४४ | ८.६२ |
| २०१९/२० | ५११६३ | ४२१९६ | ४५३४१६ | १०.७५ |
| २०२०/२१ | ५१६८१ | ४३६८८ | ४६६२६६ | १०.६७ |
| २०२१/२२ | ५३४५८ | ४०५७० | ४९८८५९ | १२.३० |
| २०२२/२३ | ५२४४९ | ४२७७३ | ५१३०५५ | ११.९२ |
| २०२३/२४ | ५२९७५ | ४४४४९ | ५१७५५२ | ११.६४ |
| २०२४/२५ | ५२४३३ | ४७३९७ | ५०५१३७ | १०.६६ |

**Source:** Statistical Information on Nepalese Agriculture 2081/82 (2024/25) MoAFE




**चित्र नं. १०: पछिल्लो ११ वर्षको आँपको कूल क्षेत्रफल, उत्पादनशील क्षेत्रफल र उत्पादनको विस्तार प्रवृत्ति**

## १.३.७ केरा

नेपालमा व्यावसायिक  रूपमा खेती गरिने प्रमुख फलफूलहरू मध्ये केरा पनि एक महत्त्वपूर्ण फलफूल बाली हो। पूर्व पश्चिम राजमार्ग वरिपरिका तराईका जिल्लाहरू, पहाडका बेसी तथा भित्री मधेस क्षेत्रमा केराखेती भइरहेको र अझै क्षेत्र विस्तारको प्रवल सम्भावना रहेको छ। सो क्षेत्रको तापक्रम, हावापानी र माटो केरा खेती गर्नका लागि उपयुक्त भएको हुँदा केराले छिटो बढ्ने र छिटै उत्पादन दिने भएकाले यसबाट कृषकहरूले राम्रो आम्दानी लिएको पाइन्छ। हाल नेपालमा चितवन, नवलपरासी, बाँके, बर्दिया, सुर्खेत, कैलाली, कन्चनपुर, झापा, दाङ, रूपन्देही, बारा, सर्लाही, मोरङ, सुनसरी लगायतका जिल्लाहरूमा व्यावसायिक रूपमा केरा खेती भइरहेको छ ।

तालिका नं. ११ र चित्र नं. ११ अनुसार विगत ११ वर्ष (सन् २०१४/१५ देखि २०२४/२५ सम्म) को तथ्याङ्क हेर्दा केराको उत्पादन र उत्पादकत्व बढ्ने क्रममा रहेको छ। सन् २०२४/२५ मा केराको कूल क्षेत्रफल, उत्पादनशील क्षेत्रफल र उत्पादन अघिल्लो वर्षको तुलनामा बढेको देखिन्छ।

**तालिका नं. ११ः केराको ११ वर्षको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्वको अवस्था**

| वर्ष (सन्) | कूल क्षेत्रफल (हे.) | उत्पादनशील क्षेत्रफल (हे.) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.टन/हे.) |
|---|---|---|---|---|
| २०१४/१५ | १६०१६ | १४३११ | २३४३१९.९ | १६.३७ |
| २०१५/१६ | १६१४६.०० | १४३११.०० | २३६१९४.७० | १६.५ |
| २०१६/१७ | १७८३९ | १५२२३ | २४७६२२ | १६.०० |
| २०१७/१८ | १८०१४ | १५७६५ | २५४४०३ | १६.१ |
| २०१८/१९ | १८३२९ | १६६१५ | २७८८९० | १६.७९ |
| २०१९/२० | २१७२० | १६६९९ | २५४१६१ | १५.२२ |
| २०२०/२१ | २१६३३ | १९३१३ | ३०८४२९ | १५.९७ |
| २०२१/२२ | २६६४८ | २१४१३ | ३३९४३५ | १५.८५ |
| २०२२/२३ | २७२६१ | २४२८६ | ४०४६७० | १६.६६ |
| २०२३/२४ | २५९७२ | २३४०४ | ३८३२८५ | १६.३८ |
| २०२४/२५ | २६५९६ | २४३१२ | ३९३६९४ | १६.१९ |

**Source:** Statistical Information on Nepalese Agriculture 2081/82 (2024/25) MoAFE




**चित्र नं. ११ः पछिल्लो ११ वर्षको केराको कूल क्षेत्रफल, उत्पादनशील क्षेत्रफल र उत्पादनको विस्तार प्रवृत्ति**

### १.३.८ लिची

वर्षे फलफूलहरू मध्ये पर्ने लिची नेपालको एक प्रमुख फलफूल बाली हो। नेपालको तराई र भित्री मधेशमा लिचीको खेती गरेको पाइएको छ। तालिका नं. १२ र चित्र नं. १२ अनुसार विगत ११ वर्ष (सन् २०१४/१५ देखि २०२४/२५ सम्म) को तथ्याङ्क हेर्दा लिचीको उत्पादकत्व बढ्दो क्रममा रहेको छ भने कूल क्षेत्रफल १००२३ हेक्टर, उत्पादनशील क्षेत्रफल ७७१७ हेक्टर र उत्पादन ५८४८७ मे.टन र उत्पादकत्व ७.५८ मे.टन/हे. भई बढेको देखिन्छ।

**तालिका नं. १२: लिचीको ११ वर्षको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्वको अवस्था**

| वर्ष (सन्) | कूल क्षेत्रफल (हे.) | उत्पादनशील क्षेत्रफल (हे.) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.टन/हे.) |
|---|---|---|---|---|
| २०१४/१५ | ६६३४.८ | ४९७८ | ३६९५८ | ७.४ |
| २०१५/१६ | ६८३५ | ४९८३ | ३६९९२ | ७.४ |
| २०१६/१७ | ९०९६ | ६३२९ | ४५२४९ | ७.० |
| २०१७/१८ | ९३०० | ६७४८ | ५००३६ | ७.४ |
| २०१८/१९ | ९३१४ | ७०५४ | ५१४७५ | ७.३ |
| २०१९/२० | ७०९९ | ४५५२ | ३९३९२ | ८.६५ |
| २०२०/२१ | ७४०६ | ४९५१ | ३९७४४ | ८.०३ |
| २०२१/२२ | ८४९३ | ५७६९ | ४२७३६ | ७.४१ |
| २०२२/२३ | ९६७५ | ७५६९ | ५४२२८ | ७.१६ |
| २०२३/२४ | ९१८२ | ६८६७ | ५१३९६ | ७.४८ |
| २०२४/२५ | १००२३ | ७७१७ | ५८४८७ | ७.५८ |

Source: Statistical Information on Nepalese Agriculture 2081/82 (2024/25) MoAFE




**चित्र नं. १२: पछिल्लो ११ वर्षको लिचीको कूल क्षेत्रफल, उत्पादनशील क्षेत्रफल र उत्पादनको विस्तार प्रवृत्ति**

## १.३.९ सुन्तला

सुन्तलाजात फलफूलभित्र पर्ने सुन्तला एक प्रमुख फलफूल हो। हाल नेपालका ७७ जिल्ला मध्ये ६५ जिल्लाहरूमा सुन्तलाजात फलफूलहरू लगाएको पाइन्छ। तराईदेखि मध्यपहाडको १४०० मिटर उचाइसम्म सुन्तलाजात फलफूलको राम्रो उत्पादन भएको पाइएको छ। उच्चपहाडी क्षेत्र, मध्यपहाडी क्षेत्र, होचो पहाडी क्षेत्र र तराईको उच्च भू-भाग र अन्य भू-भाग देखि चुरे क्षेत्र तथा भित्री मधेशसम्म सुन्तला खेती गर्न सकिन्छ। हाल नेपालमा ताप्लेजुङ, पाँचथर, तेह्रथुम, धनकुटा, इलाम, भोजपुर, खोटाङ, उदयपुर, संखुवासभा, सोलुखुम्बु, सिन्धुली, रामेछाप, काभ्रे, गोरखा, लमजुङ, म्याग्दी, तनहुँ, कास्की, पर्वत, बागलुङ, स्याङजा, नवलपरासी, पाल्पा, गुल्मी, अर्घखाँची, रुकुम, प्युठान, रोल्पा, सल्यान, जाजरकोट, कैलाली, डडेलधुरा, डोटी, बैतडी र अछाम लगायतका जिल्लाहरूमा व्यावसायिक रूपमा खेती भइरहेको छ ।

तालिका नं. १३ र चित्र नं. १३ अनुसार विगत ११ वर्ष (सन् २०१४/१५ देखि २०२४/२५ सम्म) को तथ्याङ्क हेर्दा समग्रमा सुन्तलाको उत्पादनशील क्षेत्रफल उत्पादन र उत्पादकत्व बढ्ने क्रममा रहेको देखिन्छ ।

**तालिका नं. १३. सुन्तलाको ११ वर्षको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्वको अवस्था**

| वर्ष (सन्) | कूल क्षेत्रफल (हे.) | उत्पादनशील क्षेत्रफल (हे.) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.टन/हे.) |
|---|---|---|---|---|
| २०१४/१५ | २५१२३ | १६२२४ | १४९२१२ | ९.२० |
| २०१५/१६ | २६२८२ | १६२४८ | १४६६९० | ९.०० |
| २०१६/१७ | २८७६० | १७४५७ | १६४५९३ | ९.०० |
| २०१७/१८ | २७१५० | १६१५५ | १६१४३४ | १०.० |
| २०१८/१९ | २७९५१ | १७२२० | १७७३८१ | १०.३० |
| २०१९/२० | २६५९१ | १४५५० | १५६१८० | १०.७३ |
| २०२०/२१ | २७००२ | १८३६९ | १९८४०६ | १०.८० |
| २०२१/२२ | २७९८२ | १९४८१ | १८५३४६ | ९.५१ |
| २०२२/२३ | २८४५१ | २०१७२ | १९८७७९ | ९.८५ |
| २०२३/२४ | २८७९० | २०२१५ | १९४५६५ | ९.६२ |
| २०२४/२५ | २८४३९ | २९२७० | १९५५०८ | ९.६५ |

**Source:** Statistical Information on Nepalese Agriculture 2081/82 (2024/25) MoAFE




**चित्र नं. १३: पछिल्लो ११ वर्षको सुन्तलाको कूल क्षेत्रफल, उत्पादनशील क्षेत्रफल र उत्पादनको विस्तार प्रवृत्ति**

## १.३.१० कागती

कागती पनि सुन्तलाजात भित्र पर्ने एक प्रमुख फलफूल हो। कागतीको माग (प्रयोग) दिनानुदिन बढ्दो क्रममा छ। हाल नेपालमा ताप्लेजुङ, पाँचथर, तेह्रथुम, धनकुटा, भोजपुर, मोरङ, सुनसरी, खोटाङ, उदयपुर, संखुवासभा, सोलुखुम्बु, चितवन, सिन्धुली, रामेछाप, काभ्रेपलान्चोक, नवलपरासी पूर्व, गोरखा, लमजुङ, म्याग्दी, तनहुँ, कास्की, पर्वत, बागलुङ, स्याङजा, नवलपरासी, दाङ, पाल्पा, गुल्मी, अर्घखाँची, रुकुम, प्युठान, रोल्पा, जाजरकोट, कैलाली, डडेलधुरा, डोटी, बैतडी र अछाम लगायतका जिल्लाहरूमा व्यावसायिक रूपमा खेती भइरहेको छ ।

तालिका नं. १४ र चित्र नं. १४ अनुसार विगत ११ वर्ष (सन् २०१४/१५ देखि २०२४/२५ सम्म) को तथ्याङ्क हेर्दा कागतीको कूल क्षेत्रफल, उत्पादनशील क्षेत्रफल, उत्पादन र उत्पादकत्व घट्ने बढ्ने क्रममा रहेको देखिन्छ।

**तालिका नं. १४: कागतीको ११ वर्षको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्वको अवस्था**

| वर्ष (सन्) | कूल क्षेत्रफल (हे.) | उत्पादनशील क्षेत्रफल (हे.) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.टन/हे.) |
|---|---|---|---|---|
| २०१४/१५ | ६८६४ | ४०४६ | २६९५३ | ६.६६ |
| २०१५/१६ | ७२९६.०० | ३८५७.८० | २७०१६.८० | ७.० |
| २०१६/१७ | ८८०८ | ४५०७ | ३९११३ | ७.०० |
| २०१७/१८ | ८८७६ | ४६१२ | ३१००३ | ६.७ |
| २०१८/१९ | ९५५८ | ५६३८ | ३९५८० | ७.०२ |
| २०१९/२० | ८५८७ | ५४४५ | ४६११८ | ८.४७ |
| २०२०/२१ | ८८३३ | ५७५१ | ३६४४९ | ६.३८ |
| २०२१/२२ | ९७०१ | ६०७० | ४४४६२ | ७.३३ |
| २०२२/२३ | १०३१२ | ६३५५ | ४६२४४ | ७.२८ |
| २०२३/२४ | ९८९८ | ७१०३ | ५५८०७ | ७.८६ |
| २०२४/२५ | १९११६ | ७४३१ | ५७४२५ | ७.७३ |

Source: Statistical Information on Nepalese Agriculture 2081/82 (2024/25) MoAFE




**चित्र नं. १४: पछिल्लो ११ वर्षको कागतीको कूल क्षेत्रफल, उत्पादनशील क्षेत्रफल र उत्पादनको विस्तार प्रवृत्ति**

## १.३.११ जुनार

जुनार सुन्तलाजात भित्र पर्ने एक प्रमुख फलफूल हो। नेपालमा ताप्लेजुङ, पाँचथर, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ, उदयपुर, संखुवासभा, सोलुखुम्बु, सिन्धुली, रामेछाप, काभ्रेपलान्चोक, गोरखा, म्याग्दी, तनहुँ, कास्की, पर्वत, बागलुङ, स्याङजा, पाल्पा, गुल्मी अर्घखाँची, रुकुम, प्युठान, रोल्पा, जाजरकोट, कैलाली, डडेलधुरा, डोटी, बैतडी र अछाम लगायतका जिल्लाहरूमा व्यावसायिक रूपमा जुनार खेती भइरहेको छ ।

तालिका नं. १५ र चित्र नं. १५ अनुसार विगत ११ वर्ष (सन् २०१४/१५ देखि २०२४/२५ सम्म) को तथ्याङ्क हेर्दा जुनारको उत्पादनशील क्षेत्रफल, उत्पादन सन् २०२१/२२ मा उच्च रहेकोमा त्यसपछिका वर्षहरूमा समग्रमा कूल क्षेत्रफल, उत्पादन र उत्पादकत्व घट्दै गएको तथ्याङ्क रहेको छ।

**तालिका नं. १५ः जुनारको ११ वर्षको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्वको अवस्था**

| वर्ष (सन्) | कूल क्षेत्रफल (हे.) | उत्पादनशील क्षेत्रफल (हे.) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.टन/हे.) |
|---|---|---|---|---|
| २०१४/१५ | ४८३४ | ३४४० | ३४६७५ | १०.१ |
| २०१५/१६ | ५१३१ | ३४४३ | ३३५५८ | ९.७ |
| २०१६/१७ | ६९९१ | ३८८१ | ३०९३९ | १०.०० |
| २०१७/१८ | ६२७७ | ३८६५ | ४१५५६ | १०.८ |
| २०१८/१९ | ६६४६ | ४०३१ | ४३०६१ | १०.६८ |
| २०१९/२० | ६६०९.४६ | ४२६२.४२ | ४९३७०.५० | ११.५८ |
| २०२०/२१ | ६८१३ | ४३३३ | ४६८६५ | १०.८२ |
| २०२१/२२ | ६५९५ | ४४८७ | ५१६४४ | ११.५१ |
| २०२२/२३ | ६२२७ | ४२०५ | ४८४६० | ११.५२२ |
| २०२३/२४ | ६०९९ | ४२६७ | ४५६४१ | १०.७० |
| २०२४/२५ | ६१५१ | ४२५६ | ४६२७७ | १०.८७ |

**Source:** Statistical Information on Nepalese Agriculture 2081/82 (2024/25) MoAFE




**चित्र नं. १५ः पछिल्लो ११ वर्षको जुनारको कूल क्षेत्रफल, उत्पादनशील क्षेत्रफल र उत्पादनको विस्तार प्रवृत्ति**

## १.३.१२निबुवा

निबुवा पनि सुन्तलाजात भित्र पर्ने प्रमुख फलफूल बाली हो। उच्चपहाडी क्षेत्र, मध्यपहाडी क्षेत्र र तल्लो पहाडी क्षेत्रमा निबुवा खेती गर्न सकिन्छ। तालिका नं. १६ र चित्र नं. १६ अनुसार विगत ११ वर्ष (सन् २०१४/१५ देखि २०२४/२५ सम्म) को तथ्याङ्क हेर्दा निबुवाको उत्पादनशील क्षेत्रफल, उत्पादन र उत्पादकत्व कुनै वर्ष घट्ने त कुनै वर्ष बढ्ने गरेको देखिन्छ ।

**तालिका नं. १६: निबुवाको ११ वर्षको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्वको अवस्था**

| वर्ष (सन्) | कूल क्षेत्रफल (हे.) | उत्पादनशील क्षेत्रफल (हे.) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.टन/हे.) |
|---|---|---|---|---|
| २०१४/१५ | ९६४.३ | ८०७.७ | ६६६६.७२ | ८.२५ |
| २०१५/१६ | ८३७ | ५९५ | ४९४१ | ८.३ |
| २०१६/१७ | ९२६ | ६१० | ५९०० | १०.०० |
| २०१७/१८ | १००२ | ६६२ | ५४३१ | ८.२ |
| २०१८/१९ | १११४ | ७६८ | ६०७५ | ७.९१ |
| २०१९/२० | २३०२.८५ | १४८८.३३ | ११७९५ | ७.९२ |
| २०२०/२१ | २२७८ | १५६७ | ११९२० | ७.६० |
| २०२१/२२ | २६३६ | १८८४ | १३४३७ | ७.१३ |
| २०२२/२३ | २८०४ | २०३० | १५२४१ | ७.५१ |
| २०२३/२४ | २१०५ | १५१९ | ११९२९ | ७.८५ |
| २०२४/२५ | २३४९ | १७५९ | १३८४२ | ७.८७ |

**Source:** Statistical Information on Nepalese Agriculture 2081/82 (2024/25) MoAFE




**चित्र नं. १६: पछिल्लो ११ वर्षको निबुवाको कूल क्षेत्रफल, उत्पादनशील क्षेत्रफल र उत्पादनको विस्तार प्रवृत्ति**

## १.४. उदयमान फलफूल बालीहरूको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्वको अवस्था

हाल नेपालमा किवीफल, एभोकाडो र ड्रागन फ्रुट जस्ता उदयमान फलफूल बालीहरूको बढ्दो आकर्षणले गर्दा नेपालका विभिन्न जिल्लाहरूमा यी फलफूल बालीको ब्यवसायिक खेती गर्न शुरुवात भएको छ। नेपालमा हावापानीको दृष्टिकोणले उपरोक्त फलफूल बालीहरूको खेती गर्न सकिने प्रशस्त सम्भावना भएको र यस्ता फलफूलको माग बजारमा बढ्दो क्रममा रहेको हुनाले व्यावसायिक खेती गर्ने तर्फ कृषकहरूको ध्यानकर्षण भएको पाइन्छ।

### १.४.१ किवीफल

नेपालमा किवीफल एक उदयमान फलफूल बाली हो। नेपालको उपयुक्त प्रकृति, भौगोलिक तथा हावापानीको दृष्टिकोणले यहाँ किवीफलको व्यावसायिक खेतीको प्रशस्त सम्भावना रहेको छ। पहाडी जिल्लाहरू पूर्व इलामदेखि सोलुखुम्बु, दोलखा, रामेछाप हुँदै पश्चिम डडेल्धुरासम्म किवीफलको व्यावसायिक रूपमा खेती गरिँदै आएको छ। सन् २०१४/१५ देखि २०२४/२५ सम्मको किवीफलको उत्पादकत्वको अवस्था तालिका नं. १७ र चित्र नं. १७ मा देखाइएको छ।

**तालिका नं. १७: किवीफलको ११ वर्षको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व अवस्था**

| वर्ष (सन्) | कूल क्षेत्रफल (हे.) | उत्पादनशील क्षेत्रफल (हे.) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.टन/हे.) |
|---|---|---|---|---|
| २०१४/१५ | २८३ | ५२.५ | ३६८.१ | ७.० |
| २०१५/१६ | २९८ | ५८ | ३७८ | ६.६ |
| २०१६/१७ | ५५१ | १८६ | ७१९ | ४.० |
| २०१७/१८ | ९४९ | ३२२ | २१८८ | ६.८ |
| २०१८/१९ | १३६२ | ४९२ | ३३७२ | ६.८६ |
| २०१९/२० | २११६ | ११६७ | ४२५४ | ३.६५ |
| २०२०/२१ | २४५० | ८५९ | ६४८२ | ७.५५ |
| २०२१/२२ | २५९९ | १०१४ | ७६९८ | ७.५९ |
| २०२२/२३ | ६६७० | ३२९१ | २२०१५ | ६.६९ |
| २०२३/२४ | ४०९७ | २१२५ | १९४८० | ९.१७ |
| २०२४/२५ | १००२३ | ७७१७ | ५८४८७ | ७.५८ |

**Source:** Statistical Information on Nepalese Agriculture 2081/82 (2024/25) MoAFE




**चित्र नं. १७: किवीफलको ११ वर्षको कूल क्षेत्रफल, उत्पादनशील क्षेत्रफल र उत्पादनको विस्तार प्रवृत्ति**

## १.५. कफी तथा चिया बालीको ११ वर्षको अवस्था

### १.५.१ कफी

नेपालमा कफी एक महत्त्वपूर्ण नगदे बाली हो। नेपालमा उच्च गुणस्तरको कफी उत्पादन गर्ने शीतल र मन्द हावा चल्ने जलवायु छ। पानी नजम्ने भिरालो परेको हराभरा पहाडी भू-भाग प्रशस्त छ। सिँचाइ र प्रशोधनको निम्ति आवश्यक पर्ने पानीको स्रोत पनि छ। तसर्थ, नेपालमा कफी खेतीको प्रचुर सम्भावना छ। नेपालमा पाइने सबै कफी १ हजारदेखि १ हजार ६ सय मिटरसम्मको उचाइमा उत्पादित अराबिका वर्णको टिपिका र बर्बन जातका हुन्। अन्य कफी उत्पादक मुलुकहरूको भन्दा भिन्न प्रकारको हावापानी भएकाले नेपाली कफीमा विशिष्ट प्रकारको गुण र बास्ना रहेको कफी पारखीहरू बताउँछन् । साथै, नेपालका प्राय सबै कफी प्राङ्गारिक प्रविधिबाट उत्पादित भएकाले नेपाली कफीलाई अन्तर्राष्ट्रिय बजारमा स्पेसियालिटी कफीको रूपमा हेर्ने गरिन्छ। नेपाली कफी खासगरी जापान, अमेरिका र युरोपेली मुलुकहरूमा निर्यात हुने गर्दछ। (स्रोत: www.teacoffee.gov.np) ।

सन् २०१४/१५ देखि २०२४/२५ सम्मको कफीको क्षेत्रफल, उत्पादन र साना कृषक सङ्ख्याको अवस्था तालिका नं. १८ मा देखाइएको छ ।

**तालिका नं. १८: कफीको ११ वर्षको क्षेत्रफल, उत्पादन र साना कृषकको अवस्था**

| Year (AD) | Plantation (ha) | Production (Green Bean) (Ton) | Small Farmers (No.) | Yield (Kg/Ha) |
|---|---|---|---|---|
| २०१४/१५ | २३८१ | ४६३.५८ | ३२१८६ | १९४.७० |
| २०१५/१६ | २६१८ | ४३४ | ३२५८१ | १६५.७८ |
| २०१६/१७ | २६४६ | ४६६ | ३२६२९ | १७६.११ |
| २०१७/१८ | २६५० | ५१३ | ३२८६९ | १९३.५८ |
| २०१८/१९ | २७६१ | ५३० | ३३९८४ | १९१.९६ |

| Year (AD) | Plantation (ha) | Production (Green Bean) (Ton) | Small Farmers (No.) | Yield (Kg/Ha) |
|---|---|---|---|---|
| २०१९/२० | २३६० | २९७ | २६७१९ | १२५.८५ |
| २०२०/२१ | ३०५२ | ३१५ | ३१३४० | १०३.२१ |
| २०२१/२२ | ३३४६ | ३५४.९ | ३१३८९ | १०६.०७ |
| २०२२/२३ | ३६५९ | ३९४.४ | ३१३८९ | १०७.७९ |
| २०२३/२४ | ४३०५ | ५०१.३ | ३१३८९ | ११६.४५ |
| २०२४/२५ | ५५०१.०५ | ६४२.०८ | | ११६.७ |

**Source:** Statistical Information on Nepalese Agriculture 2081/82 (2024/25) MoAFE




चित्र नं. १८ कफीको ११ वर्षको क्षेत्रफल, उत्पादन र साना कृषकको अवस्था

## १.५.२ कफीको ११ वर्षको आयात तथा निर्यात अवस्था

नेपालमा कफी पिउने संस्कृतिको विकास भएसँगै यसका प्रयोगकर्ताहरू पनि बढेको देखिन्छ। फलस्वरूप नेपाली उत्पादनले नपुगी हरेक वर्ष नेपाली कफी निर्यातभन्दा विदेशी कफी आयात बढ्दो क्रममा रहेको पाइएको छ। पछिल्लो तथ्याङ्क अनुसार सन् २०२४/२५ मा २०३.३२६ मे.टन कफी आयात भएकोमा सोही वर्ष ६३.९९८ मे.टन मात्र निर्यात भएको देखिन्छ। त्यसैले नेपाली बजारको मागलाई मनन गर्दै विदेशी कफीको आयातलाई घटाउन नेपाली कफी खेती प्रवर्द्धन गरी उत्पादन वृद्धि गर्नु पर्ने देखिन्छ।

सन् २०२४/२५ मा नेपालले बंगालादेश, भारत, ईटाली, जापान, मलेशिया, अमेरिका, थाईल्याण्ड, स्पेन, ब्राजिल, भियतनाम आदिबाट कफी आयात गरेको थियो भने चाईना, क्यानडा, फ्रान्स, जर्मनी, जापान, नर्वे, नेदरल्याण्ड, सिंगापुर, स्वीजरल्याण्ड, अमेरिका आदिमा निर्यात गरेको राष्ट्रिय चिया कफी बिकास बोर्डबाट प्राप्त भएको छ। सन् २०१४/१५ देखि २०२४/२५ सम्मको कफीको ११ वर्षको आयात तथा निर्यातको तथ्याङ्क तालिका नं. १९ मा देखाइएको छ ।

तालिका नं. १९: कफीको ११ वर्षको आयात तथा निर्यात तथ्याङ्क

| वर्ष (सन्) | आयात परिमाण (मे.टन) | आयात मूल्य (रू. हजारमा) | निर्यात परिमाण (मे.टन) | निर्यात मूल्य (रू. हजारमा) |
|---|---|---|---|---|
| २०१४/१५ | १०८.८४ | ५४७४८ | ९९.५९ | ९९१७६ |
| २०१५/१६ | १०५.०४ | ५५५४१ | १११.१७ | १०७९०१ |
| २०१६/१७ | ९९.३७ | ५०४१ | ९४.६ | ८४५४३ |
| २०१७/१८ | १६३.३८ | ६५८९३ | ८४.२२ | ९३७२२ |
| २०१८/१९ | १२६२.४१ | ९८०१४.२४ | ८४.१५ | ९९७०३ |
| २०१९/२० | २६६.१७ | ११८८४६.१८ | ४६.८९ | ५७७२६ |
| २०२०/२१ | १९८.६६ | १०६७२१ | ७२.३८ | ९६००३ |
| २०२१/२२ | २७९.८१ | १२७५९० | ६९.५१ | ११७०८४ |
| २०२२/२३ | ४५०.२९९ | ३२५८६६ | ७७.८६० | १३०४४१ |
| २०२३/२४ | ४४३.०३८ | ४१९८३५ | ८८.८५६ | १४९२५१ |
| २०२४/२५ | २०३.३२६ | १४४१२० | ६३.९९८ | ११४३७० |

**Source:** Statistical Information on Nepalese Agriculture 2081/82 (2024/25) MoAFE







चित्र नं. १९: कफीको ११ वर्षको आयात र निर्यात परिमाणको प्रवृत्ति

## १.५.३ चिया

बहुमूल्य नगदे बालीमा पर्ने चिया नेपालमा धेरै महत्त्वपूर्ण बाली हो। नेपालमा उत्पादन हुने सबै प्रकारका चिया भारत तथा अन्य तेस्रो मुलुकमा निर्यात हुने गरेको छ। चियाको उत्पादन, प्रशोधन र बजारीकरणमा साना कृषक, सहकारी तथा निजी बगान र कम्पनीहरू संलग्न भएका छन्। सन् २०१४/१५ देखि २०२३/२४ सम्मको चियाको Total Plantation Area (ha), उत्पादन, Estate Plantation Area (ha), Small Farmers Area (ha) र Small Farmers No. को अवस्था तालिका नं. २० र चित्र नं. २० मा देखाइएको छ ।

चियाको उत्पादनहरूमा CTC, Orthodox, Green Tea र अन्य उत्पादनहरू पर्दछन् र तिनीहरूको सन् २०१४/१५ देखि २०२३/२४ सम्मको उत्पादनको अवस्था तल तालिका र चित्रमा देखाइएको छ।

**तालिका नं. २०: चियाको ११ वर्षको अवस्था**

| वर्ष (सन्) | Total Plantation Area (ha.) | Production (Ton.) | No. of Estates | Estate Plantation Area (ha.) | Small Farmers Area (ha.) | Small Farmers (No.) |
|---|---|---|---|---|---|---|
| २०१४/१५ | २६१६५ | २३१८६.७३ | १०७ | १४५९६ | ११५६९ | १४८९८ |
| २०१५/१६ | २७६८८ | २४२६३.७१ | १०७ | १४७३२ | १२९५६ | १५०४० |
| २०१६/१७ | २८२४१ | २४४०९.२९ | १०७ | १५२८५ | १२९५६ | १५१०३ |
| २०१७/१८ | २८५९५ | २४८०३.५७ | ११६ | १४६६८ | १३९२७ | १५१७९ |
| २०१८/१९ | २८७३२ | २५२०५.८६ | ११६ | १४७८७ | १३९४५ | १५२३४ |
| २०१९/२० | १६९०५ | २४११८.२७ | १४६ | ७०६० | ९८४५ | १४०१४ |
| २०२०/२१ | १६९१७ | २३७४५९०२ | १४६ | ७०६८ | ९८५० | १४०३९ |
| २०२१/२२ | २०२३७ | २६३७९.४९ | १६३ | ८७८५ | ११४५२ | १५१९८ |
| २०२२/२३ | १०२१०.७५ | २६४०१.९४ | १६७ | १०२१०.७५ | १०१६७.८७ | १५००१ |
| २०२३/२४ | १०३९७.९५ | २६९८३.१७ | १७१ | १०३९७.९५ | १०३६२.२८ | १५२०३ |
| २०२४/२५ | २०६०२ | २६१२३.११ | १७० | १०२३०.६५ | १०२९४.५१ | १५१३२ |

**Source:** Statistical Information on Nepalese Agriculture 2081/82 (2024/25) MoAFE




**चित्र नं. २०: चियाको ११ वर्षको कूल क्षेत्रफल र उत्पादनको प्रवृत्ति**

**तालिका नं. २१ चियाको ११ वर्षको कूल उत्पादन, CTC, Orthodox, Green Tea र अन्य उत्पादनको अवस्था**

| वर्ष (सन्) | Production (Ton) | CTC Production (Ton) | Orthodox Production (Ton) | Green Tea Production (Ton) | Other Production (Ton) |
|---|---|---|---|---|---|
| २०१४/१५ | २३१८६.७३ | १८२६३ | ४९२३.७३ | प्राप्त नभएको | प्राप्त नभएको |
| २०१५/१६ | २४२६३.७१ | १८४६२ | ५८०१ | प्राप्त नभएको | प्राप्त नभएको |
| २०१६/१७ | २४४०९.२९ | १८५४७ | ५८६२ | प्राप्त नभएको | प्राप्त नभएको |
| २०१७/१८ | २४८०३.५७ | १८८२६ | ५९७८ | प्राप्त नभएको | प्राप्त नभएको |
| २०१८/१९ | २५२०५.८६ | १९१०८ | ६०९८ | प्राप्त नभएको | प्राप्त नभएको |
| २०१९/२० | २४११८.२७ | १४९७७ | ८२५१ | ७४६ | १४४ |
| २०२०/२१ | २३७४५.९० | १५६५४.१२ | ७१६८.२५ | ७७२.३२ | १५१.०९ |
| २०२१/२२ | २६३७९.४९ | १८९०२.८० | ६५८७.८७ | ७३२.८१ | १५५.९६ |
| २०२२/२३ | २६४०१.९४ | १८५०० | ७०१७.९३ | ७२२.२२ | १६१.१२ |
| २०२३/२४ | २६९८३.१७ | १९२०० | ७०३४.३२ | ५५४.२७ | १९४.५७ |
| २०२४/२५ | २६१२३.११ | १८६२६.७९ | ६३३७.४६ | ९३५.५२ | २२३.३२ |




**चित्र नं. २१: चियाको ११ वर्षको कूल उत्पादन, CTC, Orthodox, Green Tea र अन्य उत्पादनको प्रवृत्ति**

## १.५.४ चियाको ११ वर्षको आयात तथा निर्यात अवस्था

नेपालमा चिया खेती पहिलेदेखि हुने गरेको भए तापनि कृषकस्तरमा वि.सं. २०३५ सालदेखि शुरु भएको पाइन्छ। मूलत चिया खेती नेपालको पूर्वी जिल्लाहरूमा (कोशी प्रदेश) हुने भए तापनि यसको खेती पश्चिमी जिल्लाहरूमा (बागमती र गण्डकी प्रदेश) समेत विस्तार भएको छ। नेपालको प्रमुख निर्यातजन्य बालीको रूपमा मानिने चिया जापान, चाइना, फिनल्याण्ड, रसिया, ईटाली, भारत, मलेशिया, नर्वे आदि देशमा निर्यात हुने गरेको छ। सन् २०२४/२५ नेपालले अष्ट्रेलिया, बङलादेश, चाइना, हङकङ, भारत, ईटाली, जापान, श्रीलंका, थाईल्याण्ड, टर्की आदिबाट चिया आयात गरेको थियो। सन् २०१४/१५ देखि २०२४/२५ सम्मको चियाको ११ वर्षको आयात तथा निर्यातको तथ्याङ्क तालिका नं. २२, चित्र नं. २२ मा देखाइएको छ।

**तालिका नं. २२ चियाको ११ वर्षको आयात तथा निर्यात तथ्याङ्क**

| वर्ष (सन्) | आयात परिमाण (मे.टन) | आयात मूल्य (रू. हजारमा) | निर्यात परिमाण (मे.टन) | निर्यात मूल्य (रू. हजारमा) |
|---|---|---|---|---|
| २०१४/१५ | ३७४.७२ | ९३६१८ | ११९४१.९४ | २००४४७५ |
| २०१५/१६ | ३०३.४६ | ६७९९२ | १३२८६.८५ | २३९८९६५ |
| २०१६/१७ | ३६३.१९ | ९०६७० | ११८६६.५० | २५३३८८४.९२ |
| २०१७/१८ | ३७१.३७ | १२०९०७ | १५६८४.५४ | ३२५१६८६.३६ |
| २०१८/१९ | ३४३.३५ | ११७७३२.३ | १५०४३.८० | ३२०३९०४ |
| २०१९/२० | २१८.६३ | ७७४००.६५ | १११८५.२० | २७८२८४६ |
| २०२०/२१ | ३४६.८० | १५१३१२ | ११९२०२.७३ | ३७९७१४० |
| २०२१/२२ | ३३१६१०.१६ | २४९९८५६६ | २५५८.३३ | ९२१२९५ |
| २०२२/२३ | २७७.५७५ | १२९१७९ | १६५९४.९१३ | ३९३७२६६ |
| २०२३/२४ | ४४.३१८ | ३७८३० | १३९१६.०३४ | ३६२५०१२ |
| २०२४/२५ | ११३.३७२ | ९०२९० | १५५९८.६६० | ४५९०८५६ |

**Sourcce:** https://www.teacoffee.gov.np/np




**चित्र नं. २२: चियाको ११ वर्षको आयात र निर्यात परिमाणको प्रवृत्ति**




चित्र नं. ३१: चियाको ११ वर्षको आयात र निर्यात मूल्यको प्रवृत्ति

## १.६. व्यावसायिक फलफूल कार्यक्रम सञ्चालनका लागि सम्भाव्य जिल्लाहरू

भौगोलिक भू-बनौट र विविध हावापानीका कारण नेपालमा संसारमा पाइने अधिकाँश फलफूलहरूको खेती गर्न सकिन्छ। प्राचिन कालदेखि कृषकहरूद्वारा विभिन्न किसिमका फलफूलहरूको खेती गरिँदै आएको भए तापनि व्यावसायिक फलफूल खेतीका लागि प्राविधिक दृष्टिकोणले उपयुक्त माटो, हावापानी, भौगोलिक बनावट भएको स्थान वा जिल्लामा कुन जातको फलफूल खेती गर्दा बढी सफलता हासिल गर्न सकिन्छ भन्ने कुरा निर्धारण हुन्छ। नेपालमा ब्यावसायिक फलफूल कार्यक्रम सञ्चालनका लागि सम्भाव्य जिल्लाहरू तालिका नं. २३ मा विस्तृत रूपमा दिएको छ।

तालिका नं. २३ व्यावसायिक फलफूल कार्यक्रम सञ्चालनका लागि सम्भाव्य जिल्लाहरू

| क्र.सं | फलफूलको किसिम | प्रदेश | जिल्लाहरू |
|---|---|---|---|
| १ | सुन्तलाजात फलफूल (४५जिल्ला) | कोशी | धनकुटा, भोजपुर, तेह्रथुम, संखुवासभा, उदयपुर, पाँचथर, ताप्लेजुङ, ओखलढुङ्गा, खोटाङ, सोलुखुम्वु, इलाम |
| | | बागमती | सिन्धुली, रामेछाप, धादिङ, दोलखा, काभ्रे, सिन्धुपाल्चोक, चितवन |
| | | गण्डकी | गोरखा, तनहुँ, लमजुङ, स्याङ्जा, कास्की, बागलुङ, म्याग्दी, पर्वत, नवलपरासी पूर्व |
| | | लुम्बिनी | पाल्पा, गुल्मी, अर्घाखाँची, रुकुम पूर्व, रोल्पा, प्युठान |
| | | कर्णाली | दैलेख, सल्यान, कालिकोट, सुर्खेत, रुकुम पश्चिम |
| | | सुदुर पशचिम | डोटी, अछाम, डडेल्धुरा, बैतडी, दार्चुला, बाजुरा, कैलाली |
| २ | स्याउ (१५ जिल्ला) | गण्डकी | मुस्ताङ, मनाङ, गोरखा |
| | | लुम्बिनी | रोल्पा, रुकुम पूर्व |
| | | कर्णाली | हुम्ला, जुम्ला, कालिकोट, डोल्पा, मुगु, रुकुम पश्चिम |
| | | सुदूरपश्चिम | बझाङ, बैतडी, दार्चुला, बाजुरा |

| क्र.सं | फलफूलको किसिम | प्रदेश | जिल्लाहरू |
|---|---|---|---|
| ३ | ओखर (१२ जिल्ला) | गण्डकी | मुस्ताङ, मनाङ |
| | | कर्णाली | हुम्ला, जुम्ला, कालिकोट, डोल्पा, मुगु, रुकुम पश्चिम |
| | | सुदूरपश्चिम | बझाङ, बैतडी, दार्चुला, बाजुरा |
| ४ | आँप (२४ जिल्ला) | कोशी | उदयपुर, झापा, मोरङ, सुनसरी |
| | | मधेश | सिरहा, सप्तरी, सर्लाही, महोत्तरी, धनुषा, बारा, पर्सा, रौतहट |
| | | बागमती | धादिङ |
| | | गण्डकी | नवलपरासी पूर्व |
| | | लुम्बिनी | कपिलवस्तु, रूपन्देही, दाङ, बाँके, बर्दिया, नवलपरासी पश्चिम |
| | | कर्णाली | सुर्खेत, दैलेख |
| | | सुदूरपश्चिम | कैलाली, कन्चनपुर |
| ५ | लिची (२४ जिल्ला) | कोशी | उदयपुर, झापा, मोरङ, सुनसरी |
| | | मधेश | सिरहा, सप्तरी, सर्लाही, महोत्तरी, धनुषा, बारा, पर्सा, रौतहट |
| | | बागमती | धादिङ |
| | | गण्डकी | नवलपरासी पूर्व |
| | | लुम्बिनी | कपिलवस्तु, रूपन्देही, दाङ, बाँके, बर्दिया, नवलपरासी पश्चिम |
| | | कर्णाली | सुर्खेत, दैलेख |
| | | सुदूरपश्चिम | कैलाली, कन्चनपुर |
| ६ | केरा (२२ जिल्ला) | कोशी | उदयपुर, झापा, मोरङ, सुनसरी, तेह्रथुम |
| | | मधेश | सप्तरी, सर्लाही, सिरहा, धनुषा |
| | | बागमती | चितवन, नुवाकोट |
| | | गण्डकी | नवलपरासी पूर्व, तनहुँ |
| | | लुम्बिनी | कपिलवस्तु, रूपन्देही, दाङ, बाँके, बर्दिया, नवलपरासी पश्चिम |
| | | कर्णाली | सुर्खेत |
| | | सुदूरपश्चिम | कैलाली, कन्चनपुर |
| ७ | भुइँकटर (६ जिल्ला) | कोशी | मोरङ, उदयपुर |
| | | बागमती | चितवन, नुवाकोट, धाडिङ, सिन्धुली |
| ८ | मेवा (१५ जिल्ला) | कोशी | झापा, मोरङ, सुनसरी, उदयपुर |
| | | मधेश | सर्लाही, सप्तरी, सिरहा |
| | | बागमती | चितवन, नुवाकोट |
| | | गण्डकी | नवलपरासी, गोरखा |
| | | लुम्बिनी | बाँके, दाङ |
| | | कर्णाली | सुर्खेत |
| | | सुदूरपश्चिम | कैलाली |

| क्र.सं | फलफूलको किसिम | प्रदेश | जिल्लाहरू |
|---|---|---|---|
| ९ | नास्पाती (१३ जिल्ला) | कोशी | पाँचथर, तेह्रथुम, धनकुटा |
| | | बागमती | काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रे, धादिङ, मकवानपुर |
| | | गण्डकी | गोरखा, तनहुँ, स्याङ्जा |
| | | लुम्बिनी | पाल्पा |
| १० | कफी (१३ जिल्ला) | बागमती | सिन्धुपाल्चोक, काभ्रे, ललितपुर |
| | | गण्डकी | स्याङजा, गोरखा, लमजुङ, तनहुँ, कास्की |
| | | लुम्बिनी | पाल्पा, गुल्मी, अर्घाखाँची |
| ११ | सुपारी (३ जिल्ला) | कोशी | झापा, मोरङ, सुनसरी |
| १२ | जैतुन (१६ जिल्ला) | कोशी | खोटाङ, सोलुखुम्बु |
| | | बाग्मती | रामेछाप, मकवानपुर |
| | | गण्डकी | मनाङ, मुस्ताङ |
| | | कर्णाली | कालिकोट, जाजरकोट, मुगु, डोल्पा, रुकुम, हुम्ला |

## १.७ फलफूलको आयात र निर्यात अवस्था

### १.७.१ विगत १० वर्षको फलफूलको आयात र निर्यात अवस्था

तालिका नं. २४ अनुसार सबैभन्दा बढी फलफूलको आयात सन् २०१८/१९ मा ३८३३५०.४३ मे.टन भएको र सबैभन्दा कम सन् २०१४/१५ मा १६१२०६ मे.टन भएको छ ।

विगत १० वर्षदेखि हालसम्ममा सन् २०१८/१९ मा फलफूल आयातको परिमाण सबैभन्दा बढी भए तापनि सन् २०२०/२१ मा फलफूल आयात मूल्य सबैभन्दा बढी सबैभन्दा बढी रू. २,१३,४३,८८,३६,००० छ भने सन् २०२३/२४ मा आयात मूल्य सबैभन्दा कम रू. २,३४,४५,७८,००० भएको पाइन्छ ।

